# नेपालमा बौद्धिक अपाङ्गताका भएका व्यक्तिहरूको रोजगारीको सम्भाव्यता सम्बन्धी अध्ययन

| | |
|---|---|
| अध्ययनकर्ता | : मनिष प्रसाई र प्रगति खड्का |
| पुनरावलोकनकर्ता | : डा. बिरेन्द्रराज पोखरेल |
| | : डा. शोभाकर अर्याल |
| सहकार्य | : लेभ इन्कुलजन डनेमार्क |
| प्रकाशन मिति | : २०८० |
| मुद्रण | : नमस्ते नेपाल प्रा लि बागबजार |

## १ परिचय

यो अध्ययन नेपालमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारीको अवसरको सान्दर्भिकता र सम्भाव्यता सम्बन्धी हो । आर्थिक सशक्तिकरण वा आम्दानी व्यक्तिको आधारभूत आवश्यकताहरू पुरा गर्नु जीवनको महत्त्वपूर्ण आवश्यकताहरू मध्ये एक हो । यसले व्यक्तिको स्वतन्त्रता, नयाँ अवसरहरू, मर्यादा, आत्म-निर्णय, आत्म-सम्मान र आत्म-विश्वसलाई बढावा दिने काम गर्दछ।रोजगार र स्वरोजगारको अभावमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा स्वास्थ्य लगायत दैनिक जीवनका आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न बिभिन्न कठिनाइहरुको सामना गरिरहनु परेको छ। त्यसभित्र पनि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको अवस्था झन जटिल छ। बौद्धिक अपाङ्गताका अभिभावक महासघ नेपालले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरको रोजगारीको सम्भाव्यता अध्ययन गरेको हो ।

## २ उद्देश्य

यस अध्ययनको उद्देश्य बौद्धिक अपाङ्गताका व्यक्तिहरूका लागि सान्दर्भिक र सम्भावित रोजगारीको अवसरहरू र त्यसमा आउन सक्ने चुनौतिहरूको पहिचान गर्नु रहेको छ । साथै, यस अध्ययनले निम्न प्रश्नहरूको जवाफ खोजी गरेको छ;


1. **बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सान्दर्भिक र सम्भावित रोजगारीका अवसरहरू के हुन् ?**
2. **बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको लागि रोजगारीमा आउन सक्ने सम्भावित चुनौतीहरू के के हुन् ?**

## ३ विधि


यो अध्ययनमा मिश्रित विधि (गुणात्मक र संख्यात्मक) प्रयोग गरिएको छ । बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूका अभिभावकहरू, सम्भावित रोजगार प्रदायकहरू र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने विद्यमान रोजगार प्रदायकहरूको धारणालाई तथ्याङ्क सङ्कलनको उपकरणको रूपमा संरचित प्रश्नावली प्रयोग गरिएको छ । यस अध्ययनले नमूना क्षेत्रका रूपमा ६ जिल्ला ( काठमाडौं, मोरङ्ग, चितवन, कास्की, कैलाली र बारा) लाई समेटेको छ। तथ्याङ्कहरू ४ विभिन्न सरोकारवाला समूहहरू (१२ जना बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूबाट, १२ जना उनीहरुका अभिभावकहरूबाट, ३० जना सम्भावित रोजगार प्रदायकहरूबाट र ३ जना पहिले नै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने रोजगार प्रदायकहरू) बाट सङ्कलन गरिएको छ ।

## ४. तथ्यांक प्रस्तुतीकरण र विश्लेषण


### ४.१ लिङ्गका आधारमा सूचनादाता




## ४.२ बौद्धिक अपाङ्गता भएका व्यक्तिको उमेर समूह





## ४.३ बौद्धिक अपाङ्गता बारे संभावित रोजगार दाताको जानकारी




## ४.४ बौद्धिक अपाङ्गता भएका व्यक्तिको रोजगारीमा संलग्नता प्रतिको धारणा




अधिकांश रोजगारदाता (८२%) र अभिभावक (६७%) ले बौद्धिक अपाङ्गता भएका व्यक्तिले काम गर्न सक्छन् भन्ने धारणा प्रस्तुत गर्दछन् । भने थोरै प्रतिशत रोजगारदाता (१४%) र अभिभावक (३३%) ले बौद्धिक अपाङ्गता भएका व्यक्तिले काम गर्न सक्दैनन् भन्ने धारणा व्यक्त गरेका छन् । सम्भावित रोजगारदाता भन्दा पनि अभिभावकहरुमा बौद्धिक अपाङ्गता भएका व्यक्तिको रोजगारीका लागि आत्मबिश्वास कमी भएको पाइएको छ ।





## ४.५ बौद्धिक अपाङ्गता भएका व्यक्तिको रोजगारीमा संलग्नता प्रतिको रूचि

| रूचि | सूचनादाता (प्रतिशत) |
|---|---|
| छ | १००% |
| छैन | ०% |
| थाहा छैन | ०% |

सम्पूर्ण बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले रोजगारी प्रति रूचि रहेको धारणा व्यक्त गरेका छन् । तालिका नं ६ लाई हेर्दा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको कामप्रतिको आत्मबिश्वास राम्रो पाइयो ।


## ४.६ रोजगारीमा बौद्धिक अपाङ्गता भएका व्यक्ति संलग्न हुन सक्ने बारेको रोजगारदाताको धारणा




बौद्धिक अपाङ्गता भएका व्यक्तिले अवश्य काम गर्न सक्नु हुन्छ । वहाहरु संलग्न हुने कामको प्रकृति या प्रकार फरक हुन सक्छ । क्षमता र रुची अनुसार काममा संलग्न गराउन सके वहाहरुले काम गर्न सक्नु हुन्छ -एक कारखानाका निर्देशक

## ४.७ बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई रोजगारीलाई चाहिने तालिमका प्रकार

### २.७.१ संभावित रोजगारदाताको धारणा



मेरो विचारमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँग सीमितता हुन्छ। उहाँहरूलाई विशेष तयारी र सजगता आवश्यक हुन्छ। त्यही अनुसारले उहाँहरूमा भएको रुचिको आधारमा तालिमहरू विकास गर्नुपर्छ र ब्ल्याङ्केट अवधारणाको प्रयोग गर्नुहुँदैन ।

- एक जना संभावित रोजगारदाताको भनाई


### ४.७.२ अभिभावकको धारणा



म मेरो छोरीलाई घरका कामका लागि पनि विश्वास गर्दिन । उसलाई घर का सामान्य काम पनि दिने गरिएको छैन । त्यसैले बाहिर गई जागिर खाने भन्ने सोच भन्दा बाहिरको कुरा हो ।त्यसकारणले रोजजगारीको लागि भन्दा पनि दैनिक जीवन उपयोगी सीप जस्तै खाना पकाउने, सफा गर्ने, भाँडा धुने, लुगा धुने आदि ले उसलाई भविष्यमा सहयोग गर्ला ।

- एक जना अभिभावकको भनाई हो ।

### ४.७.३ बौद्धिक अपाङ्गता भएका व्यक्तिको धारणा



मेरो लागि टाइपिङ्गको तालिम राम्रो हुन्छ ।मलाई टाइपिङ्ग गर्न मन पर्छ र म घर मा टाइपिङ्गको अभ्यास पनि गर्छु । मेरो मम्मीले मलाई सहयोग गर्नुहुन्छ र मलाई साह्रै रमाइलो लाग्छ ।


- अर्को बौद्धिक अपाङ्गता भएका व्यक्तिको भनाई

## ४.८ बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई सान्दर्भिक र संभावित कामहरू

### ४.८.१ संभावित रोजगारदाताको धारणा



प्याकेजिङ्ग



हाउसकिपिङ्ग



गुणस्तर परिक्षण


सामान मिलाउने



डाटा इन्ट्री गर्ने


सरसफाई


वेटर


भान्सा सहयोगी


सुरक्षागार्ड



बागवानी

### ४.८.२. अभिभावकको धारणा


चित्रकला



सिलाईबुनाई


सामान मिलाउने


बच्चा हेर्ने



सरसफाई



कार्यलय सहयोगी



चिया बनाउने

## ४.८.३ संभावित रोजगारदाताले दिन सक्ने संभावित कामहरू



प्याकेजिङ्ग




हाउसकिपिङ्ग




गुणस्तर परिक्षण



सामान मिलाउने



डाटा इन्ट्री गर्ने



सरसफाई



वेटर



भान्सा सहयोगी



सुरक्षागार्ड




बागवानी



अतिथि सत्कार



लुगा धुलाई सम्बन्धी




रूम ब्वाई



▪गोदाम व्यवस्थापन


## ४.९ पहिले नै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने रोजगार प्रदायकहरूको धारणा

### ४.९.१ बौद्धिक अपाङ्गता भएका व्यक्तिको कामको क्षमता




बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई पहिले नै रोजगारी दिने रोजगार प्रदायकहरूको बौद्धिक अपाङ्गता भएका व्यक्तिको कामको क्षमताप्रतिको धारणा प्रस्तुत गर्दछ ।जसमा रोजगार प्रदायकलाई बौद्धिक अपाङ्गता भएका व्यक्तिको रोजगारीमा संलग्न हुन सक्ने क्षमता बारे प्रश्न गर्न सत् प्रतिशतले पूर्ण सहभागी हुने क्षमता राख्ने धारणा व्यक्त गरे ।

### ४.९.२ कामको गुणस्तर




बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने रोजगार प्रदायकहरूको बौद्धिक अपाङ्गता भएका व्यक्तिको कामको गुणस्तर प्रतिको धारणा प्रस्तुत गर्दछ । जसमा दुई-तिहाई (६७%) ले राम्रो काम गर्ने धारणा व्यक्त गरेका छन् भने मात्र एक-तिहाई (३३%) ले सन्तोषजनक काम गर्ने धारणा व्यक्त गरेका छन् । माथिको तालिका ९ लाई विश्लेषण गर्दा पहिले नै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने रोजगार प्रदायकका अनुसार बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले राम्रो काम गर्न सक्ने तथ्य प्रष्ट भएको छ ।

## ४.९.३ बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूसँगका राम्रा पक्षहरू

- सटिकता र काम प्रतिको लगाव
- समयनिष्ठ र अनुशासित
- विश्वसनिय
- काम र रोजगारदाता प्रति इमान्दार

# ५. निष्कर्श र सिफारिश

रोजगारीको अभावमा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू न्युनम मानव अधिकारको उपयोगका साथै धेरै अवसर हरूबाट वञ्चित छन्, जस्तै आर्थिक स्वतन्त्रता, निर्णयको अधिकार, सामाजिक सहभागीता, आत्म सम्मान र गुणस्तरिय जीवन यापन गर्न पाइरहेका छैनन् ।उनीहरुलाई रोजगारी सम्बन्धी सूचना र प्रकृयाको बारेमा जानकारीको अभाव छ । सामाजिक सञ्जालमा पहुँच कमी छ ।, रोजगार दाता र अन्य सरोकारवालाहरूले बौद्धिक अपाङ्गता र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीको सम्भावनाबारे जानकारी छैन । सम्भावित रोजगारदाताहरु बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले काम गर्न सक्छन् भन्ने विश्वास गर्छन् र अवसरहरू उपलब्ध गराउन तयार छन् । तर, मेरो परिवारको सदस्यले रोजगारी गर्न सक्छ भन्ने कुरामा अभिभावकहरुमा आत्मविश्वासको कमी छ । रोजगार दिइरहेका रोजगारदाताहरू बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूले गरेको कामको गुणस्तरबाट सन्तुष्ट देखिन्थे।

## ५.१. सरकारलाई सिफारिस

- सरकारले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई जागिरमा राख्न, उनीहरूलाई रोजगारसम्बन्धी तालिम उपलब्ध गराउन र सामाजिकिकरण सम्बन्धी सीप बढाउन विशेष कार्यक्रम र योजनाहरू ल्याउनुपर्छ ।
- सार्वजनिक स्थान, यातायात सेवा, सूचना र सञ्चार प्रणाली बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू सहित सबैका लागि पहुँचयुक्त हुनुपर्छ। काम र तालिम सम्बन्धी जानकारीहरु सरल तथा सचित्र ढाँचामा प्रकाशन तथा प्रशारणलाई बढवा दिनुपर्छ ।
- विद्यालय पाठयक्रममा सीपमा आधारित शिक्षाको व्यवस्था गरिनुपर्छ ।
- सरकारले बौद्धिक अपाङ्गता व्यक्तिहरूलाई रोजगारी दिने निजी क्षेत्र लगायतका प्रतिष्ठानहरूलाई कर छुट, प्रोत्साहन सुविधा र पुरस्कृत गर्ने व्यवस्था लागूगर्नु पर्दछ ।

## ५.२. गैर-सरकारी संस्थालाई सिफारिस

- गैरसरकारी संस्था वा अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओपीडी) का कार्यक्रमहरू र गतिविधिहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीका मुद्दाहरूलाई उनीहरूको वकालत, सीप विकास कार्यक्रम, सामाजिक चेतनालाई प्राथमिकतामा राख्नुपर्छ ।
- गैर-सरकारी संस्थाहरूले सीप विकासको राम्रो अभ्यास स्थापना गर्न, पहुँचयुक्त कार्यस्थल बनाउन र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त काममा राख्नु पर्छ ।
- गैर-सरकारी संस्थाहरूले बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीका लागि समर्पित कार्यक्रम र योजना ल्याउन सरकारसँग सामूहिक वकालत गर्नुपर्छ।
- रोजगार र स्वरोजगार सम्बन्धी आफ्ना परियोजनाहरुमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशीताको सुनिश्चितता गर्नु पर्छ ।

## ५.३. अभिभावकहरूलाई सिफारिस

- आफ्ना परिवारका सदस्यहरूको क्षमतामा विश्वास गर्नु पर्दछ। सधैं नयाँ चीजहरू सिक्न, सामाजिकिकरण गर्न, सीपहरू विकास गर्न, गरेका कामहरुमा हौसला दिदै प्रोत्साहन गर्न र उनीहरूको अगुवाइ गर्नु भन्दा पनि सहयोगी बन्नु पर्छ ।
- समाजीकिकरण घरबाट सुरु हुन्छ, त्यसैले आधारभूत सीपहरू सिकाउने जसले उनीहरूलाई बाहिरी संसारसँग घुलमेल हुन मद्दत गर्दछ ।त्यसैले सानातिना सामाजिक गतिविधिहरुमा उनीहरुलाई सहभागी गराउनु पर्दछ ।
- उनीहरूको रोजगारीको क्षेत्र र चाहना बुझी सम्भावित रोजगार प्रदायकहरूसम्म पुग्ने रोजगारीको सम्भाबनाबारे छलफल चालाउने र रोजगारीको नजिक पुग्ने गर्नु पर्छ ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुमा आत्मविश्वास, स्वनिर्णय, आत्मनिर्भरता र व्यक्तित्व विकासका अभ्यासहरू गराउँदै सोको अभ्यास गराउनु पर्छ ।
- उनीहरुका रुचिलाई सीपमा बदल्नुपर्छ ।

यो अध्ययनको संक्षिप्त निष्कर्ष मात्र हो । यस अध्ययनको पूर्ण पाठ प्राप्त गर्नका लागि महासंघको वेबसाइट www.pfpid.org.np मा हेर्न सक्नुहुनेछ ।

यो अध्ययन एकदम बिस्तृत र यथार्थप्रक प्रतिवेदनमा आधारीत छ । यस अध्ययनले अभिभावक समूह, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, रोजगार प्रदायकहरू र सम्बन्धित सरोकारवालाहरूसँगको अन्तरक्रियालाई समेटेको छ ।

- डा. बिरेन्द्र राज पोखरेल

यस अध्ययनले नेपालको सामाजिक-सांस्कृतिक र नीतिगत परिदृश्यलाई ध्यानमा राख्दै बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू जाँच्ने एउटा अद्वितीय मार्ग प्रदान गर्दछ। यस अनुसन्धानको सबैभन्दा उल्लेखनीय पक्ष भनेको बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सान्दर्भिक र सम्भाव्य दुवै कामका नयाँ क्षेत्रहरूको पहिचान हो ।

- डा. शोभाकर अर्याल,
त्रिभुवन विश्वविद्यालय

प्रकाशक

सहयोग

**प्रकाशक**

बौद्धिक अपाङ्गताका अभिभावक महासंघ, नेपाल

फोन नं. : ०१-४५१६४७३

इमेल : info@pfpid.org.np

वेबसाइट : www.pfpid.org.np,